काठमाडौं, जि.प्र.का.
दर्ता नं २३२/०७३/०७४

'स्तरीय एवम् मौलिक सङ्गीतको धार - नेपाली गीतसङ्गीतको आधार'

www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक

सम्पूर्ण संगीत समाचारका लागि डाउनलोड गर्नुहोस्

वर्ष १०, अंक ७, २०८२ पौष १६ गते December. 31, 2025 मूल्य रु.१५/

## नवौं राष्ट्रिय रापती म्युजिक अवार्ड सम्पन्न

# कोमल वलीलाई लाइफटाइम अचिभमेन्ट अवार्ड

## मेलिना र प्रमोद सर्वोत्कृष्ट गायक गायिका, नारायणी र पल सर्वोत्कृष्ट मोडल





विस्तृत समाचार पृष्ठ ३ मा

# रेखालाई सर्वोत्कृष्ट नवगायिकाको अवार्ड

गायिका रेखा पोखरेलले नवगायिकाको अवार्ड चुम्न सफल भएकी छन् । पछिल्लो समयमा निकै चर्चा बटुलेकी गायिका रेखा पोखरेलको 'माया साह्रै छ' गीतले अवार्ड चुम्न सफल भएको हो । नवौं राष्ट्रिय रापती म्युजिक अवार्ड २०८२ मा गायिका रेखाले नवागायिकाको अवार्ड जित्न सफल भएकी हुन् । उनीसँगै उत्कृष्ट पाँचको मनोनयनमा अनु देवान, दीक्षा रसाइली, संगीता चौधरी र निर्मलादेवी बस्नेत रहेका थिए । उनलाई समाजका सल्लाहकार तथा संविधानविद् डा.भीमार्जुन आचार्य, सल्लाहकार बलिभद्र राणा र वरिष्ठ गायिका तथा पूर्व राष्ट्रिय सभा सदस्य कोमल वलीको हातबाट अवार्ड तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

विस्तृत पृष्ठ ५ मा



## रिलिज कर्नर

# सुशीलाको संगीतमा शिवको अब्बल शब्द सिर्जना, निशाको 'नशा लागेको'



**म्यूजिक खबर/काठमाडौं**

गायिका निशा केसीको लोकगीत 'नशा लागेको' मायाप्रेमत्रिको समर्पण रहेको देखिन्छ। मायाको गहिराइमा चुर्लुम्म डुबेको परिवेशभित्र रहेर सिर्जित गीत हो 'नशा लागेको'। गायिका सुशिला गौतमको म्यूजिक र हुकलाइन रहेको गीत 'नशा लागेको' मा शिव हमालको शब्द सिर्जना रहेको छ। 'नशा लागेको' गीतको म्युजिक एरेन्ज गायक तथा संगीतकार झलक संगीतम्को रहेको छ।

'नशा लागेको' गीतलाई झलक संगीतमकै आलाप स्टुडियो अष्ट्रेलियामा रेकर्ड गरिएको हो। यसको मिक्सिङ भने खडग बाजुरालीको रहेको छ।

'नशा लागेको' गीतको म्यूजिक भिडियोमा रोशनी कार्की र रञ्जित पौडेलको अभिनय रहेको छ। विशाल घिमिरेको स्टोरी तथा निर्देशन रहेको 'नशा लागेको' गीतको भिडियोलाई करण चैंसिरले छायाँकन गरेका हुन् भने नवीन घर्तीमगरले सम्पादन गरेका हुन्। गीतको भिडियोलाई गायिका निशा केसीको अफिसियल यूट्यूब च्यानलबाट सार्वजनिक गरिएको हो।

गायिका निशा केसी अष्ट्रेलियामा कर्मथलो बनाउँदै आएकी छन् भने पछिल्लो समय गायक, संगीतकार एवं संगीत संयोजक झलक संगीतम् पनि अष्ट्रेलिया बस्दै आएका छन्। नेपालमा आलाप रेकर्डिङ स्टुडियो, लाइभ दोहोरी लगायतका संगीत कर्ममा सक्रिय संगीतम् पछिल्लो समय अष्ट्रेलियामा नै होम स्टुडियो सञ्चालन गर्दै आएका छन्। सोही स्टुडियोमा नै 'नशा लागेको' गीतको रेकर्डिङ कार्य भएको हो।

# पल र अनिता अभिनित 'मर्छु हजुर'




**म्यूजिक खबर/काठमाडौं**

अभिनेता पल शाह र मोडल अनिता गिरी अभिनित 'मर्छु हजुर' गीतको भिडियो रिलिज भएको छ। सुनिल दवाडी नामक युटुब च्यानलबाट रिलिज भएको यो भिडियो मुस्ताङ, पोखरा लगायतका रमणीय ठाउँमा छायाँकन गरिएको हो।

सुनील दवाडी प्रस्तुतकर्ता रहेको यस गीतको भिडियोमा एकअर्काबीचको मायामा गढिएका युवायुवतीको कथा देखाइएको छ। गीतको भिडियोलाई कोरियोग्राफर तथा निर्देशक बिक्रम चौहानले निर्देशन गरेका हुन्। गायक धुब्र बिक र गायिका मनिषा सुनारले गाएको गीतमा शब्द र संगीत ज्ञानेन्द्र गिरीको छ। गीतको एरेन्ज, मिक्सिङ र मास्टरिङ सुलभ घिमिरेले गरेका छन्।

यसअघि अनिता गिरीले एक दर्जन भन्दा बढि म्युजिक भिडियोमा अभिनय गरिसकेकी छन्। उनको पहिलो म्युजिक भिडियो भने 'बैगुनीले गएको थियो छोडेर'रहेको छ। यस अन्तरालमा आधा दर्जन भन्दा बढि नेपाली फिल्ममा अभियन गरिसकेकी छिन्। फिल्म 'नम्बरी सुन',' दान्भी','रावायण','आउट ल'लगायतमा उनको अभिनय रहेको छ।

# धनमाया तामाङको २१ औं स्मृति दिवसमा सांगीतिक कार्यक्रम




**म्यूजिक खबर/काठमाडौं**

ठाडो भाकाकी प्रसिद्ध गायिका धनमाया तामाङको २१औं स्मृति दिवस विभिन्न कार्यक्रमका साथ सम्पन्न गरिएको छ। लमजुङको काफलस्वाँरा पुरकाङमा १९८७ फागुन २० जन्मिएकी गायिका तामाङको २०६१ पौष ५ गते स्वर्गारोहण भएको थियो। गायिका तामाङको कर्मघर सुन्दरबजार वडा नं. २ परेवाडाँडामा वडा कार्यालयले उनको शालिकमा माल्यापर्ण गरी ५ गते विहानै स्मृति सभा आयोजना गरेको थियो। कार्यक्रममा उनका छोरी, नातिनी लगायतका पारिवारिक तथा गाउँलेहरूको उपस्थितिमा उक्त स्मृति दिवस मनाइएको थियो।

त्यस्तै उनका छोडा डा.आशबहादुर तामाङले आफ्नो काठमाडौंको रानीबनस्थित निवासमा रहेको शालिकमा दीप प्रज्वलन गरी स्मृति दिवस मनाएका छन्। उनले विहानै स्वयम्भूमा पुगेर पुनः दीप प्रज्वलन गरी आमाप्रति श्रद्धासमुन व्यक्त गरेका थिए। गायिका तामाङप्रति छोरा बुहारी, नाति र नातिनी मिलेर स्मरण गर्दै दीप प्रज्वलन गरेका थिए। आमासँग ठाडो भाकामा दोहोरीसमेत गाएका डा.आशबहादुर तामाङले ममतामयी आमा मात्र नभएर लोकभाकाकी विशिष्ट प्रतिभासमेत रहेको बताउँदै आमाका सदाबहार सिर्जनाहरू अझैसम्म गुन्जिरहेको बताए।

त्यसैगरी गायिका तामाङ गीतसंगीतको योगदानलाई सम्झँदै इटहरीमा रहेको संगीत साधना प्रतिष्ठानले सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो। गायिका धनमाया तामाङको २१औं पुण्यस्मृति सभाको अवसरमा गायिका तामाङका गीतहरू गाएर स्मरण गरेका थिए। कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष राजु केसीले ठाडोभाकाकी अमर स्रष्टा गायिका धनमाया तामाङ नेपाली लोकसंगीतमा विशिष्ट उचाइ कायम गरेको व्यक्तित्व भएको बताउँदै उनको भौतिक शरीर नरहे पनि सदाबहार सिर्जना हामीमाझ गुन्जिरहेको बताए।







# शक्ति बल्लभ, आर.पी.पन्त र कृष्णदेवको सहकार्यमा 'समय'



**म्यूजिक खबर/काठमाडौं**

वरिष्ठ कलाकार आर.पी.पन्त अभिनीत पहिलो म्युजिक भिडियो 'समय' सार्वजनिक गरिएको छ। क्यानडामा बस्दै आएका गीतकार तथा गायक उत्तम भट्टराईको गीत र स्वर, वरिष्ठ सङ्गीतकार शक्ति वल्लभको सङ्गीतमा तयार भएको गीतमा मनोहर सोनामको एरेन्ज छ।

सार्वजनिक गरिएको भिडियोमा मुख्य कलाकार आर.पी.पन्त छन्। भिडियोमा पन्तका अलावा विकास लामिछाने, लिसा क्षेत्री (बर्नवाल), प्रमीला रूपाखेती र बाल कलाकार प्रवेश पौडेलको अभिनय छ। कृष्णदेव रूपाखेतीको निर्देशनमा तयार भएको भिडियोमा उत्सव दाहालको छायाङ्कन र मीन रावलको सम्पादन रहेको छ। गीतमा भोला पौडेलको रेकर्डिङ तथा किशोर थापाको मिक्सिङ, माष्टरिङ रहेको छ।

सङ्गीतकार वल्लभले अङ्ग्रेजी नयाँ वर्षको अवसरमा समयानुकूल गीत संगीतप्रेमीहरू माझ ल्याउन पाउँदा खुसी व्यक्त गरे। कलाकार पन्तको कम ब्याक अभिनय हो भने ३५ वर्ष लामो अभिनय कालकै पहिलो म्युजिक भिडियो हो। वरिष्ठ कलाकार पन्तले भने,'सदाबहार गीतको भिडियाबाट अभिनयमा कम ब्याक गर्न पाउँदा खुसी छु' निर्देशक रूपाखेतीले माया पिरतीका कथामा भिडियो निर्देशन गरिरहे पनि जीवन्त सृजनामा काम गर्नुलाई सुखद अध्यायको रुपमा लिएको बताए।

'समय अनुसारको परिवर्तनको विषयलाई गीतलाई न्याय गर्ने गरी सृजनशीलता प्रयोग गरेको छु। भिडियो हेर्दा कहिँकतै बोर फिल हुँदैन भन्ने लाग्छ,' उनले भने। रूपाखेतीले हजार प्लस भिडियो निर्देशन गरिसकेका छन्। भिडियो सार्वजनिक कार्यक्रममा एरेन्जर मनोहर सोनाम, मोडल लिसा क्षेत्री (बर्नवाल) लगायतको उपस्थिति रहेको थियो।

# कोमल वलीलाई लाइफटाइम, मेलिना र प्रमोद सर्वोत्कृष्ट

## देवी र प्रकाश सर्वोत्कृष्ट गायक गायिका, नारायणी र पल सर्वोत्कृष्ट मोडल

म्यूजिक खबर/काठमाडौं

नवौं राष्ट्रिय रापती म्युजिक अवार्ड २०८२ मा वरिष्ठ गायिका कोमल वलीलाई लाइफटाइम अचिभमेन्ट अवार्ड प्रदान गरिएको छ। लामो समय गीतसंगीतमा योगदान दिएवापत उनलाई लाइफटाइभ अचिभमेन्ट अवार्ड प्रदान गरिएको हो। पुलिस क्लबमा पुष ११ गते सम्पन्न भएको राष्ट्रिय रापती म्युजिक अवार्डमा गायक प्रमोद खरेलले गायिका मेलिना मैनाली सर्वोत्कृष्ट आधुनिक गायक गायिका घोषित भए। गायक खरेलल 'बस्छौ भने दिल' गीतबाट अवार्ड चुमेका हुन् भने गायिका मैनालीले 'रित्ति जाने वैंशको' गीतबाट अवार्ड चुम्न सफल भएकी हुन्।

त्यस्तै गायिका रेखा पोखरेलले नवगायिकातर्फको अवार्ड चुम्न सफल भएकी हुन्। उनले 'माया साह्रै छ' गीतबाट अवार्ड चुम्न सफल भएकी छन्। त्यस्तै लोकदोहोरी तर्फ गायिका देवी घर्ती र गायक प्रकाश दूतराज सर्वोत्कृष्ट गायक गायिका घोषित भए। गायिका देवी घर्तीले 'खोली सलल' गीतबाट अवार्ड चुमेकी हुन् भने गायक दूतराजले 'रेशम' गीतबाट अवार्ड चुमेका हुन्।

त्यसैगरी रापती म्युजिक अवार्डमा डा.रमिल अधिकारीले सर्वोत्कृष्ट गीतकारको अवार्ड जितेका हुन्। गीतकार अधिकारीले 'आऊ एउटा बाचा गरौँ' गीतबाट सुगम सङ्गीत तर्फको सर्वोत्कृष्ट गीतकारको अवार्ड जितेका हुन्।

अवार्ड कार्यक्रममा विभिन्न स्रष्टा सर्जक एवं व्यवसायीहरुलाई सम्मान प्रदान गरिएको थियो। वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठलाई अभिनन्दन गरिएको थियो। कार्यक्रममा रापती सांस्कृतिक सम्मानबाट यागेश्वर बस्नेत, रापती सांस्कृतिक प्रतिभा पुरस्कारबाट नायक आकाश श्रेष्ठ, रापती डायस्पोरिक सांस्कृतिक सम्मानबाट गायक बसन्त लम्साल, रापती पत्रकारिता पुरस्कारबाट भोजराज थापा, रापती बाल प्रतिभा पुरस्कारबाट बाल कलाकार स्वयं केसी, र उद्यमशीलता सम्मान-२०८२बाट दीपक कार्की सम्मानित भएका थिए।

यसैगरी, नारायण पाण्डेय लोकदोहोरी प्रतिभा पुरस्कारबाट शान्ता ओली र प्रेमप्रसाद शर्मालाई पुरस्कृत गरिएको थियो। यसका साथै समाजको सर्वाङ्गीण विकासमा दीर्घकालीन योगदान पुऱ्याउँदै आउनु भएका रापती समाज काठमाडौँका पूर्व अध्यक्ष, समाजसेवी तथा अधिवक्ता शशि शर्मा मजगैयाँलाई रापती सामाजिक सम्मान-२०८२ अर्पण गरिएको थियो।

विभिन्न ४२ विधामा प्रदान गरिएको अवार्ड विजेताहरू निम्नानुसार रहेका छन्ः

सर्वोत्कृष्ट राष्ट्रिय भावको गीत - हेमराज लामिछाने - हिमाल पहाड तराई
सर्वोत्कृष्ट चलचित्र गीतकार - सुरेन्द्र राणा - रुकुम मैकोट
सर्वोत्कृष्ट चलचित्र सङ्गीतकार - थानेश्वर गौतम - रात किन हुन्छ
सर्वोत्कृष्ट चलचित्र गायिका - शान्ति श्री परियार - रुकुम मैकोट
सर्वोत्कृष्ट चलचित्र गायक - एस।डी। योगी - रुकुम मैकोट
सर्वोत्कृष्ट नवगायिका - रेखा पोखेल - माया साह्रै छ
सर्वोत्कृष्ट नवगायक - सुरज भुसाल - म सँग जान्छौ होला नि
सर्वोत्कृष्ट सुगम सङ्गीत गीतकार - डा. रमिल अधिकारी - आऊ एउटा वाचा गरौँ
सर्वोत्कृष्ट सुगम सङ्गीत सङ्गीतकार - रोशन सिंह - बस्छौ भने दिल
सर्वोत्कृष्ट सुगम सङ्गीत गायिका - मेलिना मैनाली - रित्ती जाने बैसको
सर्वोत्कृष्ट सुगम सङ्गीत गायक - प्रमोद खरेल - बस्छौ भने दिल
सर्वोत्कृष्ट सङ्गीत संयोजक - एच।बी।एन। किस्मत - मायालाई पानको पात
सर्वोत्कृष्ट सुगम सङ्गीत म्युजिक भिडियो निर्देशक - रामजी लामिछाने - बस्छौ भने दिल
सर्वोत्कृष्ट सुगम सङ्गीत म्युजिक भिडियो मोडेल महिला - कविता न्यौपाने - कलेजी कटाउने माया
सर्वोत्कृष्ट सुगम सङ्गीत म्युजिक भिडियो मोडेल पुरुष - विक्रम बुढाथोकी - भाग्य लेख्ने भगवान्
सर्वोत्कृष्ट मौलिक लोकगीत - मिना लामा - आकाशको जुन
सर्वोत्कृष्ट लोकदोहोरी शब्द - नेत्र अर्याल - पानको पसल
सर्वोत्कृष्ट लोकदोहोरी भाका - रमेश परियार - यो ओठमा
सर्वोत्कृष्ट लोकदोहोरी गायिका - देवी घर्ती - खोली सलल
सर्वोत्कृष्ट लोकदोहोरी गायक - प्रकाश दूतराज - रेसम
सर्वोत्कृष्ट म्युजिक भिडियो सम्पादक - पदम सुवेदी - मन्दिर छ र
सर्वोत्कृष्ट म्युजिक भिडियो छायाङ्कन - विजय भण्डारी - रातो किताब
सर्वोत्कृष्ट म्युजिक भिडियो मोडेल (महिला) - नारायणी खत्री - करीमैले
सर्वोत्कृष्ट म्युजिक भिडियो मोडेल (पुरुष) - पल शाह - करिमैले
सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशक - विक्रम चौहान - मायालाई पानको पात
सर्वोत्कृष्ट ध्वनि मिश्रण - विमल छिनाल - दुश्मन हेरेको हेरै
सर्वोत्कृष्ट लोक पप शब्द - सुरेश सिवाकोटी - केलाई हतार
सर्वोत्कृष्ट लोक पप सङ्गीतकार - बी पी वाग्ले - म म नै रहन्न
सर्वोत्कृष्ट लोक पप गायिका - सिम्रन परियार - नजरमा नजर
सर्वोत्कृष्ट लोक पप गायक - चक्र बम - सौराई लागि
सर्वोत्कृष्ट डायस्पोरा - मञ्जु कोइराला - ए कान्छा
सर्वोत्कृष्ट चर्चित वर्ष गीत - दुर्गेश थापा - दुश्मन हेरेको हेरै
सर्वोत्कृष्ट देउडा गायिका - रेखा जोशी - सुनौँ कि चाँदी हौ
सर्वोत्कृष्ट देउडा गायक - सुनिल नेपाली - इशाराले बोला
इनकरेजमेन्ट अवार्ड - सन्जु पाठक - किन यस्तो भो जिन्दगी
सर्वोत्कृष्ट पब्लिक च्वाइस अवार्ड - अंश बर्मा - सिन्दूर फेर्न मिल्छ
सर्वोत्कृष्ट रापती बाल प्रतिभा अवार्ड - रिदम गन्धर्व
एप्रिसिएसन अवार्ड - किस्ना आचार्य - रोशनी निरीमायाको
सर्वोत्कृष्ट रापती नवप्रतिभा अवार्ड - नमराज खड्का
जुरी अवार्ड - उत्साह घिमिरे - पोखरामा साइली
जुरी अवार्ड - अर्जुन पोखेल - कसम बत्तीको
जुरी अवार्ड - मीन गुरुङ - तिमीसँगै












baf
BIKALPA AGRO FIRM
BIKALPA AGRO FIRM
Thini Mustang
100% Organic
विकल्प एग्रो फर्मका उत्पादन तथा बजार व्यवस्थापनमाः मुस्ताङको आलु, स्याउ, टिमुर छोप, लसुन छोप, सिमीको दाल, उवा, एप्पल ब्राण्डी, च्याङ्ग्रा, जिम्बू, सातु, फापरको पिठो लगायतका अर्गानिक उत्पादनहरु बजारमा पाइन्छ। सम्पर्कः ९८६७६४४४०३

जुन काम तिमी आज गर्न सक्दछौ त्यसलाई कहिल्यै भोलिका निम्ती नछोड । -बेन्जामिन फ्रेंकलिन

## सम्पादकीय

### कला क्षेत्रमा कलाभन्दा धेरै चर्तिकला

कला क्षेत्र मुलुकको संस्कृतिलाई अब्बल देखाउने क्षेत्र हो । समाजको ऐना हो । सकारात्मक सन्देश फैलाउने सम्वाहक हो । समाज रूपान्तरणको प्रतिविम्व हो । सूचनाको महत्वपूर्ण साधन हो । कला संस्कृति मुलुकको पहिचान दिलाउने महत्वपूर्ण क्षेत्र हो । तर आजभोलि कला क्षेत्र कहिँ कति सम्पादन गर्नुपर्ने, परिमार्जन गर्नुपर्ने अवस्थामा आइपुगेको देखिन्छ ।

कलाकारमा हुनुपर्ने संस्कारको अभाव देखिन थालेको छ । संस्कृति भनेको संस्कारको प्रतिविम्ब हो र यहीभित्र सङ्गीतको फराकिलो सभ्यता सिर्जना भएको हुन्छ । संस्कार नभएको कलाले सही ढंगले मार्गनिर्देशक गर्न सक्दैन । एकातिर कला क्षेत्रले समाजलाई डोर्‍याउँछ भने अर्कोतिर छिटो मनोरञ्जन दिएर आनन्दित तुल्याउँछ । मनोरञ्जनसँगै सन्देश प्रवाह गर्ने माध्यम भएकाले कलाकारले जस्तो कला प्रस्तुत गर्ने गर्दछन् समाजलाई छिटो त्यही कुराले प्रभाव पार्ने गर्छ । अझ कसले कसरी प्रस्तुति दियो त्यसमा केन्द्रित रहेर समग्र क्षेत्रलाई कलाकारिता क्षेत्र यस्तो तेस्तो भनेर भन्नेहरू पनि छन् । वास्तविकता फरक हुन सक्छ तर पर्दामा देखिएको वा मेला महोसत्वको स्टेजमा देखिएको प्रस्तुतिले समग्र उद्योगलाई नै नकारात्मक बाटोमा डोहोर्‍याएको देखिन्छ ।

यतिखेरको मौसम मेला महोत्सवको रहेको देखिन्छ । भन्ने गरिन्छ कि मेला महोत्सवमा ठेकेदारी प्रथा हावी भयो । आयोजकको नजिकको मानिस मात्र त्यहाँ स्थान पाउँछ । कलाकारिता भन्दा भद्दा प्रस्तुति दिनेलाई स्टेजमा लैजान पाए टिकट धेरै बिक्री हुन्छ । त्यो आयोजक वा व्यवसायिक धारबाट हेर्नेहरूको दृष्टिकोण होला । तर हामी कला क्षेत्रमा लागेका साँच्चिकै साधक हो भने भद्दा प्रस्तुति दिएर छाक टर्ला जिन्दगीभरि लागेको दाग भने टर्ने छैन । अगाडि बस्ने केहीले त अश्लिलता, ग्ल्यामरताको मज्जा लेलान् तर क्षणभरमै त्यही कलाकारको प्रस्तुतिलाई लिएर मजाक उडाउँदै हिंड्नेछन् । उनीहरूको विभिन्न उपनाम राख्लान् र त्यही नकारात्मक पाटोलाई लिएर फेरि भन्नेछन्- 'कलाकारिता क्षेत्र खत्तम भयो, उदाङ्गो छ, अश्लिल छ ।' अब एउटा कुहिएको आलुले समग्र बोरालाई कुहिएको संकेत गरेजस्तै हो यो पनि । त्यो प्रस्तुतिलाई देखेर बाटोमा भेट्दा वा कुनै सार्वजनिक ठाउँमा भेट्दा गर्ने टिप्पणीले कला क्षेत्रको संस्कारमाथि आँच आउनेछ । पारिवारिक संस्कार हराएर जानसक्छ र उसले गर्ने सम्मान पनि नपाइन सक्छ ।

आजभोलि सामाजिक सञ्जालको प्रभाव ज्यादा छ । जसले जसरी प्रस्तुति दियो क्षणभरमै संसारभर फैलिन्छ । सामाजिक सञ्जालमा देखिएका भद्दा प्रस्तुतिले जीवनभर कलाकारितालाई शीरमा राख्नेहरूको मनमा भने पक्कै चोट पुर्‍याएकै छ । समयानुकुल विकास हुन पक्कै पनि पर्छ तर विकासका नाममा उदाङ्गो हुनुले जिन्दगीको मापनलाई सांस्कारिक भने बनाउँदैन । गीत भनेको शब्द, सङ्गीत र स्वरको त्रिवेणी हो । यसलाई मजाक रूपमा प्रस्तुति दिएर शब्द संयोजन बिगारेर स्टेजमा प्रस्तुति दिनुले क्षेत्रकै बदनामी गरेको हुन्छ । फेरि यहाँ अर्कैको ट्र्याक लिएर स्टेज चढ्नेहरूको हालीमुहाली छ भन्दा फरक नपर्ला । अर्काको सिर्जनामा दाइँ हाल्नेहरूको भीडमा सही कलाकारहरू पछाडि परिरहेको अवस्था पनि छ । त्यसैले सबै कलाकारहरू सचेत बनौं । बिक्रीका हिसाबले त कलाभन्दा चर्चिकला नै बिक्री होला । तर बाँदर नचाउनका लागि होइन कला क्षेत्र स्रोता र दर्शकको मन जित्न र उनीहरूलाई सकारात्मक सन्देश फैलाउन पनि व्यवसायिक र संयमित कला क्षेत्र बनाउनु पर्छ ।

# प्रसिद्ध गीतकार अधिकारीलाई अभिनन्दन

**म्यूजिक खबर/ललितपुर**

प्रसिद्ध गीतकार लोकराज अधिकारी अभिनन्दित भएका छन् । १३औं राष्ट्रिय पोशाक दिवस तथा अन्तर्राष्ट्रिय टोपी दिवसका अवसरमा राष्ट्रिय धरोहर संरक्षण प्रतिष्ठान नेपालले पर्यटन बोर्डमा आयोजना गरेको विशेष कार्यक्रममा गीतकार अधिकारीलाई राष्ट्रिय धरोहर विशिष्ट सर्जक सम्मान २०८२ बाट अभिनन्दन गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधीमन्त्री जगदीश खरेल, राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा नेपाल उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष भवानी राणा र आयोजक संस्थाका संरक्षक राजानन्द माण्डव्यले संयुक्तरूपमा दोसल्ला र अभिनन्दन पत्रले सम्मान गरेका हुन् ।

नेपाली गीति लेखनको क्षेत्रमा लोकगीत , दोहोरी गीत, आधुनिक गीत, बाल गीत, गजल, चलचित्रका गीत र राष्ट्रिय गीत गरी १६० भन्दा बढी गीत लेखेर राष्ट्रलाई अन्तर्राष्ट्रिय क्षेत्रमा समेत परिचित गराउन योगदान दिएको भन्दै कदर स्वरुप गीतकार अधिकारीलाई अभिनन्दन गरिएको आयोजकले जनाएको छ । उनका दर्जनौं गीत दर्शक श्रोतामाझ लोकप्रिय छन् । गीतकार अधिकारी अमेरिकाको एटलान्टामा अन्तर्राष्ट्रिय सिङगर्स सङग राइटर एसोसिएसनले हरेक वर्ष आयोजना गर्ने अन्तर्राष्ट्रिय अवार्डको दुई वटा शृङ्खलामा लगातार मनोनयनमा परेका एक मात्र नेपाली गीतकार पनि हुन् ।

कार्यक्रममा अन्य विभिन्न विधामा आफ्नो तर्फबाट योगदान दिएकाहरुलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा राष्ट्रिय झण्डाका पुनः ढाँचाकार इन्जिनियर शङ्कर नाथ रिमाल,टोपी अभियन्ता शंकरनाथ बन्जाडे, अन्तर्राष्ट्रिय तेक्वान्दो रेफ्रि दीपेन्द्र ढकाल, लेखक साहित्यकार अर्चना झा,सामाजिक अभियन्ता अरविन्द गौतम, पत्रकार भोजराज थापा, पत्रकार राजन नेपाल,नेपाल जेसिज २०२६का अध्यक्ष जीवन कार्की, मिस नेपाल २०२५ लुना लुइँटेल, सञ्जेलजी महाराज,दीप किशोर भट्टराई,र कवीन्द्र न्यौपानेलाई आफ्नो क्षेत्रमा दिएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।




कार्यक्रममा प्रमुख अतिथिको मन्तव्य व्यक्त गर्दै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधीमन्त्री जगदीश खरेलले राष्ट्रिय पोशाकलाई सरकारी मान्यता दिने र दिवस मनाउने कुरामा आफू साथमा रहेको बताए । केही दिन अघि नै भनेको भए मन्त्रिपरिषद्ले कुनै न कुनै निर्णय गरिसकेको हुने तर अलिक ढिला भएको पनि उनले बताए । उनले सदियौंदेखि राष्ट्रले मान्यता दिएको बताउँदै सरकारले मान्यता दियो दिएन भन्ने गौण हुने बताए । उनले २०६८ सालदेखि यसलाई महत्व नदिइएको स्मरण गर्दै जसले दिएनन् जहाँबाट दिइएन त्यो गलत भएको भन्दै तर त्यसमा खुसीको कुरा जोडिएको पनि बताए । उनले जुन दिन देखि सरकारी मान्यता दिइएन त्यो दिन देखि झन् हरेक जसो औपचारिक कार्यक्रममा नवजवानहरूले दौरा सुरूवाल लाउन थालेको बताए ।

उनले देश भित्र पनि र विश्व मानचित्रमा पनि नेपाल र नेपालीको पहिचान जोगाउनु पर्ने बताए । उनले अहिले राष्ट्रिय एकताको प्रतीक भनेकै नेपाली चन्द्र सूर्य अङ्कित झण्डा मात्र रहेको पनि बताए ।



# सङ्गीत तथा नाट्य प्रतिष्ठानको भवन निर्माणमा पहल गर्नेः प्रधानमन्त्री कार्की



**म्यूजिक खबर/काठमाडौं**

प्रधानमन्त्री सुशीला कार्कीसँग नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरूले शिष्टाचार भेट गरेका छन् । कुलपति निशा शर्मा, उपकुलपति शम्भु राईलगायत सम्मिलित टोलीले प्रधानमन्त्री कार्कीसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भेट गरेको हो ।

टोलीले विशिष्ट अवस्थामा गठन भएको यो सरकारले आफ्नो कार्यादेश सफलतापूर्वक सम्पन्न गर्न सकोस् भन्ने कामना गरेको छ । प्रधानमन्त्री कार्की प्रतिष्ठानको पदेन संरक्षक पनि हुन् ।

त्यस अवसरमा कुलपति शर्माले प्रतिष्ठानको अवस्था र कार्ययोजनाका बारेमा जानकारी गराएकी थिइन् । देशभरको गीत, संगीत तथा नाट्य विधामा अध्ययन अनुसन्धान गरी संरक्षणका काम गर्नुपर्ने भए पनि राज्यको प्राथमिकतामा नपरेको गुनासो पनि उनले गरिन् ।

प्रतिष्ठान अहिले 'प्रिफ्याब'को अस्थायी टहरामा रहेकाले भवन निर्माणका लागि आवश्यक स्रोतसाधनको खोजीमा रहेको उनले जानकारी गराइन् । नेपाल प्रज्ञा प्रतिष्ठानलाई अझै विशिष्टीकृत गरी २०६४ सालमा तीनवटा प्रतिष्ठान गठन गरिएको थियो । त्यसैमध्येको एउटा संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान हो । प्रधानमन्त्री कार्कीले सम्बन्धित मन्त्रालय तथा अन्य निकायहरूसँग परामर्श गरी भवन निर्माणमा सघाउन आवश्यक पहल गर्ने बताएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

# रेखालाई सर्वोत्कृष्ट नवगायिकाको अवार्ड

■ सुमन पोखरेल/म्यूजिक खबर

गायिका रेखा पोखरेलले नवगायिकाको अवार्ड चुम्न सफल भएकी छन् । पछिल्लो समयमा निकै चर्चा बटुलेकी गायिका रेखा पोखरेलको 'माया साह्रै छ' गीतले अवार्ड चुम्न सफल भएको हो । नवौं राष्ट्रिय रापती म्युजिक अवार्ड २०८२ मा गायिका रेखाले नवागायिकाको अवार्ड जित्न सफल भएकी हुन् । उनीसँगै उत्कृष्ट पाँचको मनोनयनमा अनु देवान, दीक्षा रसाइली, संगीता चौधरी र निर्मलादेवी बस्नेत रहेका थिए । अवार्डमा चार जनालाई पछि पार्दै गायिका पोखेलले अवार्ड चुम्न सफल भएकी हुन् । उनलाई समाजका सल्लाहकार तथा संविधानविद् डा.भीमार्जुन आचार्य, सल्लाहकार बलिभद्र राणा र वरिष्ठ गायिका तथा पूर्व राष्ट्रिय सभा सदस्य कोमल वलीको हातबाट अवार्ड तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

गीतसंगीतका विभिन्न ४२ विधामा सम्पन्न भएको नवौं राष्ट्रिय रापती म्युजिक अवार्डमा वरिष्ठ गायिका कोमल वलीलाई लाइफटाइम अचिभमेन्ट अवार्ड प्रदान गरिएको थियो । वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठलाई अभिनन्दन गरिएको थियो । अवार्डमा गायक प्रमोद खरेल, गायिका मेलिना मैनाली आधुनितक संगीततर्फ सर्वोत्कृष्ट गायक गायिका घोषित भएका थिए । त्यस्तै लोकदोहोरीतर्फ गायिका देवी घर्ती र गायक प्रकाश दूतराज सर्वोत्कृष्ट बन्न सफल भएका थिए । २०८२ पौष ११ गते महेन्द्र पुलिस क्लब भृकुटीमण्डपमा सम्पन्न भएको उक्त अवार्ड कार्यक्रम रापती समाज काठमाडौंले आयोजना गरेको थियो ।

गायिका रेखा पोखेल छोटो समयमा सर्वाधिक चर्चा बटुल्न सफल गायिका हुन् । स्टुडियोमा होस् या स्टेजमा उनी व्यस्त बन्दै गएकी छन् । त्यस्तै प्रत्यक्ष दोहोरीसमेत गाउने उनी दर्जनौं गीतहरुमा स्वर दिन सफल भएकी छन् ।

उदीयमान गायिका रेखा पछिल्लो समयमा गीतसंगीतको क्षेत्रमा पनि उत्तिकै चर्चाको शिखरमा छन् । रेखा पोखरेल नेपाली गीत संगीत क्षेत्रमा एक चम्किलो ताराको रुपमा आफुलाई स्थापित गराउन सफल भैसकेक छन् ।

बुवा खगराज पोखरेल र आमा तुलसी पोखरेलको कोखबाट दाङ बंगलाचुली गाउंपालिका १ स्युजा खाडामा जन्मिएकि रेखा । उनी सानैदेखि गीत गाउन अब्बल थिइन । स्कूल पढ्दा होस् गाउँघरमा हुने सांस्कृतिक कार्यक्रमहरु होस् उनी सहभागी हुने र गीत गाउने गर्थिन् । विद्यालयस्तरीय सांस्कृतिक कार्यक्रमहरुमा समेत भाग लिएर आफ्नो कला प्रस्तुत गर्न अग्रसर हुन्थिन् । दाङकै शिव प्रा.वि खाडामा प्राथमिक तहको अध्ययन गरेकी रेखाले श्री महेन्द्र मा. वि. स्युजा बोचपोखराबाट माध्यमिक तहको शिक्षा लिएकी थिइन् । हाल महेन्द्र मल्टिपल क्याम्पसमा बिबिएस दोश्रो वर्ष अध्यनरत रेखा गीतसंगीतमा निकै व्यस्त छिन् ।





गायिका रेखालाई यो क्षेत्रमा स्थापित गराउने श्री चौधरी र युट्युबर भोजराज थापा हुन् । भोजराज थापाले संचालन गरेको मेचिकाली यूट्युबको माध्यमले उनलाई गीतसंगीतमा भित्रने मौका मिलेको थियो । उनी भन्छिन्- श्री चौधरी, भोजराज थापा र मेचीकाली टिमले गर्दा म आज गायिका बन्न सफल भएको हुँ । उहाँहरुको सपोर्ट पाएकै कारण म कलाकार बन्ने सपना पूरा भएको हुँ । उहाँहरुले काठमाडौंमा ल्याएर मेरो पहिलो एल्बम "भाग्यमा श्री छ" गीत रेकर्ड गराइदिनुभएको थियो । जुन गीत मेरो सांगीतिक करिअरमा कोषेढुंगा साबित भयो ।' गायिका रेखाले गाएको उक्त गीतले स्रोताहरुको मन जित्न सफल भएको थियो । उनको जीवनको पहिलो गीतले नै सफलता पाएको थियो जसले उनलाई स्थापित गायिकाको परिचयसमेत दिलाइदियो ।

त्यसैक्रममा संगीतकार सुनिल बिसि र गायक संगीतकार रोशन सिंहसँगको सहकार्यमा गीत गाउने अवसर पनि पाएँ जसले मेरो जीवनमा झन् उर्जा थप्यो, गायिका रेखाले भनिन् । जतिबेला गायिका रेखाको स्वरमा गीत रेकर्ड गराउन धेरै पछि लाम्ने गर्थे किनकी उनले गाएको गीतहरु अडियो प्लेटफर्ममा सर्वाधिक बिक्री हुन थालेको थियो । उनले स्टुडियो रेकर्ड र लाइभ दोहोरीमा समेत दर्जनौं गीतहरु रेकर्ड गराउन सफल भएकी थिइन् । गीतसंगीतमा लागेको एक वर्षभित्र उनी यति ब्यस्त भइन् कि स्टुडियोदेखि मेला महोत्सवसम्मको स्टेजसम्म व्यस्त बनिन् । यतिबेला उनी देशभित्र हुने विभिन्न मेला महोत्सवमा प्रस्तुति दिँदै आएकी छन् ।

# माया गुरुङको नेतृत्वमा प्रतिष्ठान गण्डकी प्रदेश

म्यूजिक खबर/पोखरा

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल प्रदेश कार्यसमिति गण्डकीको अध्यक्षमा माया गुरुङ निर्विरोध निर्वाचित भएकी छन् । मंसिर २० गते सम्पन्न भएको प्रतिष्ठानको गण्डकी प्रदेश कार्यसमितिको तेस्रो अधिवेशनबाट गुरुङ अध्यक्षमा निर्वाचित भएकी हुन् । त्यसैगरी वरिष्ठ उपाध्यक्षमा रामजी पौडेल, प्रथम उपाध्यक्षमा आरसी पौडेल, द्वितीय उपाध्यक्षमा होम गुरुङ, महिला उपाध्यक्षमा मन्जु, विक, सचिवमा कृष्ण सुवेदी, सहसचिवमा टेक क्षेत्री, कोषाध्यक्षमा सबिना गुरुङ र सहकोषाध्यक्षमा सपना परियार निर्वाचित भएका छन् ।

अधिवेशनमा सबै पदमा निर्विरोध निर्वाचित भए पनि प्रथम उपाध्यक्ष, महिला उपाध्यक्ष र सहकोषाध्यक्षमा भने निर्वाचन भएको थियो ।

यसैगरी कार्यसमिति सदस्यमा प्रीति गुरुङ लमजुङ, सरला अधिकारी तनहुँ, कमला गैह्रे स्याङ्जा, किसान नेपाली कास्की, भानुभक्त पौडेल कास्की, दीपक गदाल पर्वत, नेत्र खड्का स्याङ्जा, सुनिमा गुरुङ गोरखा, सूर्य गुरुङ स्याङ्जा, राम प्रसाद ढकाल कास्की, पुजा परियार सेर्पा लमजुङ, पुजा गुरुङ सविता लमजुङ, पुजा कार्की पर्वत, राज बहादुर गुरुङ लमजुङ, विक्रम गुरुङ स्याङ्जा , मदन अर्याल नवलपुर, दिनेश थापा गोरखा र विष्णु कुमार वाग्ले नवलपुर निर्विरोध निर्वाचित भएका थिए ।

राजन कार्कीको सभाध्यक्षमा भएको सातौ साधारण सभा तथा तेस्रो अधिवेशनको उद्घाटन राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका पूर्व केन्द्रिय अध्यक्ष प्रजापति पराजुलीले उद्घाटन गरेका थिए । अधिवेशनमा पूर्वअध्यक्ष पुरूषोत्तम न्यौपाने, वरिष्ठ उपाध्यक्ष पशुपति शर्मा, प्रथम उपाध्यक्ष तथा निर्वाचन संयोजक रामजी खाँण,उपाध्यक्ष खुमन अधिकारी लगायतका विशिष्ट व्यक्तित्वहरूको





उपस्थिति रहेको थियो ।

सातौं साधारण सभा र तेस्रो अधिवेशनको अवसरमा तीर्थसागर स्मृति पत्रकारिता पुरस्कार राजाराम पौडेल,नरबहादुर परियार स्मृति कलाकारिता पुरस्कार शिवु गिरी, उच्च शिक्षा पुरस्कार करण कँडेललाई प्रदान गरिएको थियो । त्यस्तै कार्यक्रममा ११ जिल्लाका अध्यक्ष र निवर्तमान अध्यक्षलाई समेत सम्मानपत्र प्रदान गरिएको थियो ।

सोही दिन भएको अन्य ६ प्रदेशमा भएको निर्वाचनमा पनि नयाँ कार्यसमिति चयन भएको छ । बागमती प्रदेशमा बालकुमार मल्ल , लुम्बिनी प्रदेशमा दामोदर बस्याल, कर्णाली प्रदेशमा तुलसी शाही, सुदूरपश्चिम प्रदेशमा भिम बिष्ट निर्वाचित भएका छन् । त्यस्तै प्रवास शाखाहरूमा चण्डीगढ भारत शाखामा अमर वली, युके शाखामा मनसुदन थापा मगर, जापा शाखा समुन्द्रराज पौडेल, दक्षिण कोरिया शाखा मिलन थापा, युएईमा नरेन सापकोटा चयन भइसकेका छन् ।

म्यूजिक खबर
'स्तरीय एवम् मौलिक सङ्गीतको धार - नेपाली गीतसङ्गीतको आधार'

# गीतकार कोइरालाको नेतृत्वमा भोजपुरका विद्यालय तथा क्याम्पसमा "इ-लर्निङ सेन्टर" स्थापना

**म्यूजिक खबर/भोजपुर**

पूर्वअर्थमन्त्री तथा वरिष्ठ गीतकार शंकरप्रसाद कोइराला (एसपी कोइराला)को नेतृत्वमा सूचना प्रविधिमा अभ्यस्त बनाउँदै विद्यार्थीलाई पठनपाठन गराउने उद्धेश्यले भोजपुरका विद्यालय तथा क्याम्पसमा 'इ-लर्निङ सेन्टर' स्थापना गरिएको छ।

पूर्वअर्थमन्त्री शंकरप्रसाद कोइराला नेतृत्वको ईश्वर मन्दिर काठमाडौं नामक संस्थाको सहयोगमा जिल्लामा इ-लर्निङ सेन्टर स्थापना गरिएको हो । इ-लर्निङ अभियानको क्रममा भोजपुर नगरपालिका वडा नम्वर ९ काफ्लेमा रहेको जनकल्याण आधारभुत विद्यालयमा इ-लर्निङ सेन्टर स्थापना गरिएको हो । तत्कालिन स्थानीय कल्याणप्रसाद कोइरालाको नेतृत्वमा स्थापना भएको विद्यालयमा उनको परिवारको सहयोगमा इ-लर्निङ सेन्टर स्थापना भएको हो ।

विसं २०१४ सालमा स्थापना गरिएको विद्यालयमा १० थान कम्प्युटर सेट र एक थान स्मार्ट टिभी लगायतका विद्युतीय सामानको व्यवस्था गरिएसँगै इ-लर्निङ सेन्टर सञ्चालनमा आएको हो । पूर्वअर्थमन्त्री कोइरालाले विद्यालयका प्रधानाध्यापक र विद्यालय ब्यवस्थापन समिति अध्यक्षलाई सेन्टर हस्तान्तरण गरेका थिए ।

विद्यार्थीलाई सूचना प्रविधिसँग अभ्यस्त गर्दै सिकाइलाई प्रभावकारी बनाउने उद्देश्यले आफु






रहेको संस्थाले विद्यालयमा इ–लर्निङ सेन्टर स्थापना गर्दै आएको पूर्वअर्थमन्त्री कोइरालाले बताए । उनले भने - "सूचना प्रविधिको वर्तमान युगमा विगतमा जस्तो अध्ययनले मात्र हुँदैन, विद्यार्थीलाई प्रविधिसँग जोड्न जरुरी छ । त्यसैले ग्रामीण क्षेत्रका विद्यालयमा पनि इ-लर्निङ सेन्टर स्थापनामा बर्षेनी सहयोग गरिरहेका छौं । यसले पठनपाठनमा सहजता हुने विश्वास लिएका छौं ।'

विद्यालयका संस्थापक कल्याण कोइरालाका छोरा गीतकार रमेश कोइरालाले इ-लर्निङ सेन्टर सहित आमाबुबाको नाममा एक लाख ११ हजार एक सय ११ रूपैयाको अक्षयकोष राखी छात्रवृत्ति स्थापना समेत गरेका छन् । विद्यालयको ६९ औं जन्मोत्सवको अवसर पारेर इ-लर्निङ सेन्टर पनि संचालनमा आएको विद्यालयका प्रधानाध्यापक योगराज लुईटेलले बताए । काफ्लेमा मात्र होइन संसथाले जिल्लाको त्रिभुवन धर्मोदय मावि, भोजपुर बहुमुखी क्याम्पस, विद्योदय मावि, जनसेवा आधरभूत विद्यालय, सरस्वती आधारभूत विद्यालय, आदर्श शिशु आधारभूत विद्यालय, हतुवागढीको सगरमाथा मावि, षडानन्द नगरपालिकामा रहेको अरूण मावि, अरूण गाउँपालिकाको शारदा माविमा लगायतका विद्यालयमा पनि समेत इ-लर्निङ सेन्टर स्थापना गरि सकेको छ ।

ईश्वर मन्दिरका संस्थाका अध्यक्ष प्रमेश केशीले 'विद्यार्थी साथमा, कम्प्युटर हातमा' भन्ने अभियान सहित अहिले संस्थाले भोजपुरका सामुदायिक विद्यालयको शैक्षिक सुधारमा सहयोग गरि रहेको बताए । संस्थाका महासचिव संकेत कोइरालाले भने- 'आधुनिक प्रविधिको युगमा विद्यार्थीको हातमा कलम र कपी मात्र होइन, अहिलेका कम्प्युटर पनि हुन जरुरी छ, त्यसैले हामी त्यही अभियान अन्तर्गत अहिले भोजपुरका विद्यालयमा सहयोग गरिरहेका छौं । यसलाई अन्य ठाउँमा पनि विस्तार गर्दै लैजाने हाम्रो लक्ष्य छ ।'

## को थिए कल्याण प्रसाद कोइराला ?

तत्कालीन समय भोजपुर जिल्लाको भोजपुर न.पा. वडा नं. ९ काफ्लेका कल्याण प्रसाद कोइराला एक जुझारू समाजसेवी थिए । समाजमा केही विकासको काम गरौं भन्ने उद्देश्यले अगाडि बढेका कोइरालाको नेतृत्व मा २०१३ सालमा जनकल्याण आधारभुत विद्यालय स्थापना गरेका थिए । तत्कालिन जहानियाँ राणा शासनबाट २००७ साल को मुक्ति पछि जनतालाई अब शिक्षाको उज्यालो आबश्यक छ र सक्षम, सचेत बनाउनु पर्छ भन्ने हुटहुटीका साथ पवित्र उद्देश्य राखी विद्यालय स्थापना गरिएको थियो । तत्कालीन स्थानियलाई समेत परिचालन गरी सो समयमा विकासको कुनै पूर्वाधार नभएको, जनतालाई खान बस्न समेत धौ धौ भै जीवन निर्वाह गर्न समेत कठिन रहेको समयमा पनि उज्यालोको ज्योति छर्न भोजपुरको काफलेमा श्री जन कल्याण आधारभूत विद्यालयको स्थापना गरेका थिए । त्यसो त उहाँ तत्कालीन राणा विरोधी आन्दोलनका नारद मुनि थुलुङ समेतका भोजपुरका अग्रजहरूको साथमा लड्दै आएका एक योद्धा थिए कल्याण प्रसाद कोइराला ।



# विजयराज न्यौपानेको अध्यक्षतामा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान




**म्यूजिक खबर/काठमाडौं**

लमजुङबाट काठमाडौं आई बसोबास गरिरहेका साहित्यकारको साझा संस्था मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानको अध्यक्षमा साहित्यकार विजयराज न्यौपाने निर्विरोध निर्वाचित भएका छन् । प्रतिष्ठानको पुस ७ गते सम्पन्न २४औं वार्षिक साधारणसभा एवं निर्वाचनबाट साहित्यकार न्यौपानेको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरिएको हो । प्रतिष्ठानको उपाध्यक्षमा लक्ष्मण थापा, सचिवमा अञ्जना पौडेल खनाल, सहसचिवमा प्रदीपराज अधिकारी र कोषाध्यक्षमा कृष्ण अधिकारी निर्वाचित भएका छन् ।

त्यस्तै सदस्यमा सरला ओझा, रामप्रसाद घिमिरे, अच्युत रेग्मी, वसन्त घिमिरे र खुसीराम डौलिया निर्वाचित भएका छन् भने डा.राजीवन घिमिरेलाई मनोनित गरिएको छ । त्यस्तै यसभन्दा अघि सहसचिवका रूपमा रहेका यम दूरालाई यसपालि भने सम्मानित सदस्यका रूपमा प्रतिष्ठानमा राखिएको छ ।

२०५३ सालमा स्थापना भएको उक्त प्रतिष्ठानले प्रतिष्ठानका प्रमुख संरक्षक एवं राष्ट्रकवि माधवप्रसाद घिमिरेको नाममा २७ लाख रूपैयाँको अक्षयकोष स्थापना गरी बर्सेनि १ साहित्यकारलाई १ लाखको नगद पुरस्कार प्रदान गर्दै आएको छ ।

साधारणसभाको उद्घाटन सत्रमा नेपाली शिक्षा परिषद्का अध्यक्ष साहित्यकार रमा शर्माले लमजुङको मात्र नभई नेपालको साहित्य क्षेत्रको विकासमा मर्स्याङ्दी प्रतिष्ठानले खेलेको भूमिका सराहनीय रहेको बताइन् । प्रतिष्ठानका पूर्वअध्यक्ष क्रमशः प्राडा कृष्णबहादुर थापा, डा.देवी सुवेदी, डा.मुकुन्द पथिक, डा.बमबहादुर थापा 'जीताली'लगायतले समयको मागअनुसार मर्स्याङ्दी प्रतिष्ठानको कार्यक्षेत्र विस्तार गर्दै लैजानुपर्ने बताएका थिए । कार्यक्रममा मर्स्याङ्दी प्रवाह बुलेटिनको विशेषाङ्कसमेत विमोचन गरिएको थियो ।

# क्षितिज विश्वकर्माको नेतृत्वमा राष्ट्रिय सञ्चारकर्मी नेपाल मधेश प्रदेश समिति गठन




**म्यूजिक खबर/सर्लाही**

राष्ट्रिय लोक सञ्चारकर्मी नेपालको मधेश प्रदेश समिति गठन भएको छ । मधेश प्रदेशका ८ वटै जिल्लाहरुका सञ्चारकर्मीहरुको भेलाले क्षितिज विश्वकर्माको अध्यक्षतामा १७ सदस्यीय कार्यसमिति गठन गरेको हो ।

राष्ट्रिय सञ्चारकर्मी नेपालको केन्द्रीय कार्यसमितिको महिला विभाग प्रमुख सबिता पोखरेलको संयोजकत्व एवं प्रमुख आतिथ्यता एवं सहसंयोजक विनिता क्षेत्रीको विशिष्ट आतिथ्यतामा कार्यसमिति गठन गरिएको थियो ।

उद्योग वाणिज्य संघ सर्लाहीको लालबन्दी भएको कार्यक्रममा क्षितिज विश्वकर्माको नेतृत्वमा भएको कार्यसमिति वरिष्ठ उपाध्यक्षमा रमेश खत्री, उपाध्यक्षमा सुशीला पोखरेल चौलागाई, सचिवमा प्रफुल्ल मिश्र, सहसचिवमा विनोद ढुंगेल, कोषाध्यक्षमा श्रवण साह, सहकोषाध्यक्षमा मानिक चन्द साह चयन भएका छन् । त्यस्तै कुलदिप दास -प्रचार प्रसार विभाग, आरती सेन्चुरी-महिला विभाग प्रमुख, राजु श्रीवास्तव - प्रवक्ता चयन भए । यसैगरि सदस्यहरुमा सरिता सापकोटा, प्रभु प्रसाद यादव, रामनाथ राम, सन्तोष कर्ण, एसएम जगाहस्त 'गुड्डु', अस्मिता परियार, अनिल यादव चयन भएका छन् ।

कार्यक्रममा विशिष्ट अतिथिका रुपमा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान सर्लाही जिल्ला अध्यक्ष महेन्द्र महतो, समाजसेवी तथा उद्योग बाणिज्य संघ, लालबन्दी सर्लाहीका अध्यक्ष महेश महतो, अतिथिहरुमा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान सर्लाही जिल्लाका उपाध्यक्ष सन्तोष कर्ण, प्रतिष्ठानाका सहसचिव मदन नेपाल लगायतका व्यक्तित्वहरुको उपस्थिति थियो ।

प्रमुख अतिथिले पोखरेलले २०६५ सालमा स्थापना भएको राष्ट्रिय लोक सञ्चारकर्मी नेपालका संस्थापक देखि अहिले संस्था हाकेका चन्द्रमणी गौतम लगायतको योगदानलाई सधैं स्मरण गरिनु पर्ने र सम्मान गरिनु पर्ने बताइन् । उनले संस्थामा योगदान पूऱ्याउने व्यक्तित्वहरुको सम्मानका लागि पनि पत्रकारिताको धर्म निर्वाह गर्न र विधानसंगत हिंड्न आग्रह गरिन् ।

उनले 'लोक सञ्चारकर्मीमा सदस्यता लिनेहरुको सञ्चारकर्मीहरुमको दुखमा समेत केन्द्रीय स्तरबाट नै लबिङ गर्ने भन्दै राष्ट्रिय लोक सञ्चारकर्मी नेपालले समाजका समाजका समसामयिक संघसंस्थाहरु सबैसँग सहकार्य गर्न सक्ने बताइन् ।

मधेस प्रदेशका लुकेका स्रष्टा सिर्जनालाई अगाडि ल्याउन र भ्रामक एवं अशुद्ध समाचारलाई तोडेर यस सतितिले सत्य समाचार उजागर गर्नेमा उनले विश्वास व्यक्त गरिन् । स्वर सम्राट नारायण गोपालको जन्म काठमाडौंको किलागलमा भएको भन्ने अशुद्ध प्रचारलाई सच्याउँदै उनको जन्म सिरहाको भगवानपुरमा भएको तथ्यलाई सबै सामु पुऱ्याउन यस समितिले पहल गर्नु पर्ने बताउँदै नव गठित समितिलाई बधाई तथा सफलता शुभकामना दिइन् ।

यस्तै विबिट अतिथि मधेस प्रदेश सह-इन्चार्ज बिनिता कुवँर क्षेत्रीले मधेस प्रदेश शाखा गठन भएकोमा खुशी व्यक्त गर्दै शाखाको नव गठित समितिलाई बधाई दिइन् । यस्तै गरेर कार्यक्रममा उपस्थित सबै विशिष्ट अतिथि अतिथिहरुले राष्ट्रिय लोक सञ्चारकर्मी जस्तो गरिमामय संस्थाले मधेस प्रदेशमा शाखा गठन गरेकोमा खुशी व्यक्त गर्दै बधाई दिएका थिए ।

कार्यक्रमका अध्यक्ष तथा मधेस प्रदेश शाखाका अध्यक्ष क्षितिज विश्वकर्माले आफु अध्यक्ष बनेकोमा सबै पदाधिकारीलाई धन्यवाद दिए । उनले संस्थाको गरिमालाई यस शाखाले अझ बढाउने विश्वास व्यक्त गरे । अध्यक्ष विश्वकर्माले धेरै मिडिया र सञ्चारकर्मी भएको क्षेत्रमा शाखाको आवश्यकता महशुष गर्ने केन्द्रीय समितिलाई धन्यवाद दिए । कार्यक्रमलाई नारायणी विश्वकर्मा (आरती सेन्चुरी)ले सन्चालन गरेकी थिइन् ।

## बल्छी धुर्वे निर्देशित चलचित्र 'गोबर गणेशको ट्रेलर' सार्वजनिक




**म्यूजिक खबर/काठमाडौं**

चलचित्र 'गोबर गणेश'को ट्रेलर सार्वजनिक भएको छ । निर्माणपक्षले काठमाडौंमा कार्यक्रम आयोजना गर्दै ट्रेलर सार्वजनिक गरेको हो । सार्वजनिक ट्रेलरमा पढ्न नसकेपछि काठमाडौं आएर एक युवकले गरेको संघर्ष देखाइएको छ । पढाईमा कमजोर रहेको एक गाउँले युवकले काठमाडौं आएर जीवन बदल्न गरेको संघर्ष ट्रेलरमा देख्न सकिन्छ ।

गाउँमा बसेर कल्पना गरेजस्तो काठमाडौं सहर नरहेको यथार्थ ट्रेलरले देखाउने प्रयास गरेको छ । फोहोर उठाएर जीन्दगी बदल्छु भन्ने विकल्पमा पुगेको युवकको जिन्दगीको कठिन संघर्ष देखाउँदै ट्रेलरले काठमाडौंको संघर्षशील जीवन र त्यसले परिवारको सपनामा पारिरहेको प्रभावलाई प्रष्ट पारेको छ ।

घरमा पुलपुलिएर बसेको छोरो सहरमा आएर आफ्नै कमाइमा बाच्नु पर्दाको कठिन समय र आमाले छोरोको दयनीय अवस्था थाहा पाउँदाको क्षण ट्रेलरमा चित्रित छ । गाउँबाट सहर छिर्दा देखेको सपना काठमाडौं आइपुगेपछि कसरी चकनाचुर हुन्छ भन्ने आम नेपाली युवाको कथा ट्रेलरमा देख्न सकिन्छ ।

यसअघि निर्माणपक्षले 'गोबर गणेश'को शीर्ष गीत सार्वजनिक गरेको थियो । गीतमा मरिचमान श्रेष्ठको स्वर थियो । चलचित्र 'गोबर गणेश' माघ १ गते रिलिज हुँदै छ । 'गोबर गणेश'लाई मरिचमान श्रेष्ठ (बल्छी धुर्वे)ले निर्देशन गरेका छन् ।

बल्छी धुर्वे फिल्मसको प्रस्तुतिमा निर्माण भइरहेको यो चलचित्रमा बल्छी र वर्षा शिवाकोटीसँगै विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानिया, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछानेलगायत छन् ।

तारानाथ न्यौपाने चिफ एडी रहेको चलचित्रमा योगेश काजी शाहको बीजीएम, शंकर पाण्डेको प्रोडक्सन, शिवराम श्रेष्ठको डीओपी र विपीन मल्लको सम्पादन रहेछ । टौवा स्टुडियोको पब्लिसिटी डिजाइन रहने चलचित्रको डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ । नेपालमा यो चलचित्रको वितरण श्री ब्याकटेस इन्टरटेनमेन्टले गर्नेछ ।

## प्रतिकात्मक बिम्वसहित गीतकार खतिवडाको 'पिएँ पिएँ भन्छ्यौ तिमी'

**म्यूजिक खबर/काठमाडौं**

गीतकार नारायण खतिवडाको 'खुसी हुन्छ आफैंभित्र, खोज्छौ बाहिर बाहिर' भन्ने आत्मिक चेतयुक्त गीत सार्वजनिक भएको छ । नेपाली समाजको विद्यमान अवस्थाको चिरफार गर्दै प्रतीकात्मक साहित्यको झल्को दिने नयाँ गीत 'पिएँ-पिएँ' सार्वजनिक भएको हो ।

नेपाली समाजमा पछिल्लो समय नकारात्मक सोच र मनोवृत्ति बढ्दै गएको यथार्थलाई गीतले सशक्त रुपमा चित्रण गरेको छ मानिसहरु अरुको कुरा काट्न आफ्ना अमूल्य समय खर्च गरिरहेका छन्। अरुमा खोट देखाउने प्रवृत्ति बढ्दो छ भने सहयोग गर्नुपर्दा अनेक बहाना बनाएर पन्छिने मानसिकता हाबी हुँदै गएको देखिन्छ। दिनप्रतिदिन मानिस स्वार्थी बन्दै गएको यथार्थलाई गीतले प्रतीकात्मक र साहित्यिक गहिराइका साथ प्रस्तुत गरेको छ। गीतमा गहिरो सन्देश पनि समावेश गरिएको छ ।

आजको भागदौडपूर्ण समाजमा मानिस खुसी र सुखको खोजीमा भौंतारिरहेको देखिन्छ तर वास्तविक खुसी र सुख त मानिस आफैंभित्र हुन्छ भन्ने मूल भाव गीतले प्रस्ट्याएको छ यसै सन्दर्भमा गीतका शब्द– 'खुसी हुन्छ आफैंभित्र, खोज्छौ बाहिर-बाहिर, कस्तुरीले खोजेजस्तै सुगन्ध बाहिरतिर' मार्फत गहन सन्देश प्रवाह गरिएको छ ।




नमस्ते नेपाल डिजिटल स्टुडियोबाट सार्वजनिक गरिएको यस गीतको सङ्गीत तथा गायन मनोज साङ्सोन राईको रहेको छ भने अहिलेको चर्चित गीत 'गुन भुल्यौ पित्तलको, सुन पायौ होला' की गायिका सारिका घिमिरेले स्वर दिएकी छिन् ।

## शब्द, सङ्गीत र गायनको त्रिवेणी शिशिर योगीको 'बा-आमा'

**म्यूजिक खबर/काठमाडौं**

लोकप्रिय गायक शिशिर योगीको स्वरमा रहेको गीत 'बा आमा' सार्वजनिक भएको छ । गायक योगीकै रचना, सङ्गीत र स्वरमा रहेको यस गीतमा बीबी अनुरागीको सङ्गीत संयोजन र श्यामश्वेत रसाईलीको मिक्सिङ/माष्टरिङ रहेको छ । गायक योगीकै अफिसियल युट्युब च्यानलबाट 'बा आमा' गीतको भिडियो सार्वजनिक भएको हो ।

सन्तानको खातिर जीवनका विभिन्न पाटाहरुमा, घामपानी र भोगाईका आरोह-अवरोहहरुमा बा-आमाले गरेका कर्मको विम्बात्मक गीतमा रहेको छ । गीतमा बा-आमालाई सिक्काको दुई पाटाको रूपमा बयान गरिएको छ । 'बा आमा' गीतमा शब्द, सङ्गीत र गायनको त्रिवेणीले




श्रवणीय बनाएको छ । 'मेलोडी सुल्तान'को उपनामसमेत पाएका शिशिर योगी नेपाली गायनको एउटा पाठशाला बनिसकेका छन् ।

# सेन्सर बोर्डले ल्यायो 'चलचित्र जाँचसम्बन्धी कार्यविधि'



**म्यूजिक खबर/काठमाडौं**

फिल्मको सेन्सरलाई सहज बनाउन केन्द्रीय चलचित्र जाँचपास समिति (फिल्म सेन्सर बोर्ड)ले सेन्सरसम्बन्धी नयाँ कार्यविधि 'चलचित्र जाँचसम्बन्धी कार्यविधि २०८२' ल्याएको छ । नयाँ कार्यविधि ल्याएसँगै विभिन्न त्रुटिको समाधान हुने अपेक्षा गरिएको छ । यो कार्यविधि २ पुसबाट लागू भइसकेको छ ।

सेन्सर बोर्डका अध्यक्ष उदयबहादुर रानाले फिल्म सेन्सर प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी र झन्झटमुक्त बनाउन नयाँ कार्यविधि ल्याइएको बताए । 'सेन्सर बोर्डका प्रक्रियागत जटिलताहरुलाई हटाउन र पुराना त्रुटि सच्याउन हामीले बुँदाहरु परिमार्जन गरेका छौं,' उनले भने, 'सेन्सरमाथि प्रश्नचिन्ह उठिरहेको बेलामा प्रक्रियालाई समयसापेक्ष बनाउने प्रयास हो । नयाँ कार्यविधिले फिल्मकर्मीलाई फिल्म सेन्सरमा निकै सहज हुने उनले बताए । 'यो कार्यविधिको मुख्य उद्देश्य सेन्सर बोर्डलाई व्यवस्थित गर्नु र चलचित्रकर्मीलाई सहजता प्रदान गर्नु हो,' रानामगरले भने ।

बोर्डले ल्याएको 'चलचित्र जाँचसम्बन्धी कार्यविधि-२०८२' मा बैठकसम्बन्धी केही विषय परिमार्जन गरिएको छ । बैठकसम्बन्धी व्यवस्थाको बुँदा नम्बर ४ मा उपदफा (३) को रुपमा चलचित्र जाँच गर्दा विज्ञ सदस्यको पदावधि सकिएको र नयाँ नियुक्त नभएको अवस्थामा चलचित्र विकास बोर्डको समन्वयमा मन्त्रालयले तयार गरेको रोस्टरबाट चलचित्र विज्ञ सदस्य आमन्त्रित गरी सेन्सर गर्न सक्ने व्यवस्था गरिएको छ । यसले फिल्म सेन्सरमा विज्ञको उपस्थिति हुनुपर्ने मागलाई सम्बोधन गरेको छ ।

त्यस्तै बोडले कार्यविधिको बुँदा नम्बर ४ को 'इजाजत माग गर्दा र समितिबाट जाँच गर्दा लिइने आधार' मा भने पुरानो कार्यविधिका २० बुँदा ८ बुँदा घटाएर १२ बुँदा बनाएको छ । विभिन्न झन्झटिलो र संविधानले संशोधन गरिसकेको बुँदा अहिले हटाइएका हुन् । पशुपक्षीमाथि गरिएको अनावश्यक निर्दयीपूर्ण जघन्य हिंसा, अश्लीलता वा अस्वाभाविक यौनजन्य क्रियाकलाप, मानवअधिकारको संरक्षण र संवर्द्धन, चलचित्रको दृश्य तथा सम्वादको मनसायलगायत धेरै बुँदामा परिमार्जनसमेत गरेको हो ।

बोर्डले फिल्मकर्मीलाई फिल्म सेन्सर गर्न सजिलो होस् भनेर स्वयंले जाँच गर्ने (सेल्फ सेन्सर) पद्धतिको समेत विकास गरेको छ । त्यसका लागि बोर्डले एउटा फारमको समेत व्यवस्था गरेको छ । जसबाट फिल्मकर्मीले आफ्नो फिल्ममा सेन्सरबाट देखिने त्रुटि आफैंले पत्ता लगाउन सक्नेछन् । सेल्फ सेन्सरअन्तर्गत रहेर फिल्मकर्मीले आफ्नो फिल्म बुझाउँदा फिल्म सेन्सर सहज हुने र चलचित्रकर्मीले बेहोर्नुपर्ने विभिन्न झन्झटबाट मुक्त भई सेन्सर बोर्ड र चलचित्रकर्मी दुवैको समय बचत हुने बोर्डका अध्यक्ष राना मगरले बताए ।'सेल्फ सेन्सर चलचित्रकर्मीलाई आफ्नो फिल्मको त्रुटि आफैंले पत्ता लगाएर करेक्सन गर्ने एउटा प्रणालीको रुपमा हामीले लिएका छौं,' अध्यक्ष रानाले भने, 'यसले सेन्सर बोर्ड र चलचित्रकर्मीलाई अनावश्यक झन्झट बेहोर्नुपर्ने अवस्थाबाट मुक्त गर्छ ।' सेल्फ सेन्सरले चलचित्रकर्मीलाई सेन्सर प्रमाणपत्र लिनसमेत सजिलो हुने रानाको भनाइ छ ।

# 'आ बाट आमा'को माल्टा प्रदर्शन अधिकार बिक्री



**म्यूजिक खबर/काठमाडौं**

*आगामी माघ १६ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'आ बाट आमा'को माल्टा प्रदर्शन अधिकार बिक्री भएको छ । परदेशिएका नेपालीहरूको कथासँग जोडिएको यो चलचित्रको प्रदर्शन अधिकार माल्टाका वितरक सुवास ढकाल र विकाश ढुंगानाले किनेका हुन् । निर्माण पक्ष र दुई वितरकबीच हालै सम्झौता भएको छ । चलचित्रका निर्देशक चन्द्र पन्तले फिल्म राम्रै रकममा बिक्री गरेको दाबी गरे ।*

*आर्या इन्टरटेन्मेन्टको प्रस्तुतिमा निर्माण भएको यसमा विपना थापा, पल शाह, प्रदीप रावत, उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल, गजित बिष्ट र बेगम नेपालीलगायत कलाकारको मुख्य भूमिका रहेको छ ।*

*निर्देशक पन्तकै कथा तथा पटकथामा बनेको यस चलचित्रमा संगीत कोशिस क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमको छ । साथै चलचित्रको गीतको भिडियोमा कोरियोग्राफी गम्भीर बिष्ट र दिलिप ओखेडाले गरेका छन् । नवराज उप्रेतीको छायाँकन रहेको यस चलचित्रमा अभिमन्यू निरवीद्वारा लिखित संवादमा अमर न्यौपाने, अभिमन्यू निरवी र चन्द्र पन्तले सहकार्य गरेका छन् । चलचित्रमा कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर, ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगानाको लगानी रहेको छ भने करण सिंह रसाली कार्यकारी निर्माता रहेका छन् ।*

*नेपालमा चलचित्रको प्रदर्शन अधिकार आरआर फिल्म्सले गर्दैछ भने डिजिटल अधिकार ओएसआर डिजिटलको हातमा रहेको छ ।*

# टंक बुढाथोकीले चलचित्र 'बा-आमा' निर्माण गर्ने



**म्यूजिक खबर/काठमाडौं**

गायक तथा संगीतकार टंक बुढाथोकीले नयाँ नेपाली चलचित्र 'बा-आमा' निर्माण गर्ने भएका छन् । यसअघि उनले निर्माण गरेको चलचित्र 'मन बिनाको धन' ले करिब चार करोड रूपैयाँ हाराहारीको व्यापार गरेपछि हौसिएका बुढाथोकीले नयाँ चलचित्र बनाउन लागेका हुन् ।

चलचित्र 'बा-आमा'मा बालगायक अशोक दर्जी र टंकका छोरा एआर बुढाथोकी पुनः देखिने भएका छन् । अन्य कलाकारको छनोट प्रक्रिया भने बाँकी रहेको बुढाथोकीले जानकारी दिए । उनका अनुसार चलचित्रको शीर्षक चलचित्र विकास बोर्डमा दर्ता भइसकेको छ ।

टंक बुढाथोकीकै कथामा निर्माण हुने यस चलचित्रको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखिरहेका छन् । बुढाथोकीका अनुसार स्क्रिप्ट लेखन अन्तिम चरणमा पुगेको छ।'स्क्रिप्ट लेखन लगभग अन्तिम चरणमा छ त्यसपछि कलाकार छनोटको प्रक्रिया सुरू गर्नेछौं,' उनले भने, 'आगामी वैशाखदेखि छायांकन सुरू गर्ने योजना छ ।'

चलचित्रको कथा टंक बुढाथोकीकै लोकप्रिय गीत 'बा-आमा' बाट प्रेरित हुनेछ । पहिलो चलचित्रलाई दर्शकले राम्रो प्रतिक्रिया दिएको उल्लेख गर्दै उनले त्यसमा देखिएका कमी-कमजोरी सुधारेर अझ राम्रो चलचित्र निर्माण गर्ने लक्ष्य रहेको बताए ।

करिब पाँच वर्षअघि सार्वजनिक भएको टंकको हिट गीत 'बा-आमा' कै शीर्षकमा चलचित्र निर्माण हुन लागेको हो । यसअघि पनि उनले आफ्नो सुपरहिट गीत ' मन बिनाको धन' को शीर्षकबाट चलचित्र निर्माण गरेका थिए । 'बा-आमा' पारिवारिक तथा सामाजिक कथावस्तुमा आधारित चलचित्र हुने जनाएको छ । टंक बुढाथोकी प्रोडक्सनको प्रस्तुतिमा निर्माण हुन लागेको चलचित्र 'बा-आमा' की निर्माता विष्णुमाया मैनाली रहनेछिन् ।

# प्रभाकरदेवको सांगीतिक धोका

**म्यूजिक खबर/काठमाडौं**

गीतकार, गायक तथा संगीतकार प्रभाकरदेव शर्माको गीत 'धोका' सार्वजनिक भएको छ । प्रेममा असफल प्रेमीहरुमा समर्पित गर्दै यो गीत ल्याइएको गीतमा एरेन्ज सुयोग सोताङको छ ।

गीतको भिडियोमा आयुषा कार्की र सिद्धार्थ सिलवालको अभिनय छ । भिडियोमा एक साधारण परिवारको केटालाई प्रेम गरेको १० वर्षपछि प्रेमिकाले 'गरिब' भएको भन्दै आमाबुबाको करकापमा धोका दिएको कथा देखाइएको छ । भिडियोमा मदन थापा, सुवासचन्द्र सिलवाल र शीतल ठकुरीको पनि अभिनय छ । कलाकार शर्माकै निर्देशन रहेको भिडियोमा विशाल केसी र बुलेटको छायांकन, विशाल केसी र दिल श्रीपालको सम्पादन छ । भिडियो हिल्स होम थेटर एन्ड प्रोडक्सनको युट्युबबाट सार्वजनिक भएको हो ।









प्रोप्राईटर
बिमल साह
मो. ९८६३६८९५९६
९८१६८१९९९५

श्री पशुपतिनाथ हारमोनियम मर्मत तथा बिक्री केन्द्र
सिनामंगल, ताराहल चोक, काठमाण्डौ
भोकलको लागि स्पेशल ट्यूनिङ गरिन्छ ।
नोटः- यहाँ पुरानो हारमोनियम, तबला, गितार, मादल लगायत म्युजिकका सबै समानहरू ग्यारेण्टिका साथ मरम्मत गरिनुका साथै नयाँ बिक्रि पनि गरिन्छ ।
होम डेलिभरीको पनि व्यवस्था छ ।

# स्वदेशी चलचित्र डिजिटाइजेशनका लागि बोर्डद्वारा आवेदन आह्वान




**म्यूजिक खबर/काठमाडौं**

चलचित्र विकास बोर्डले स्वदेशी चलचित्रको डिजिटाइजेशन कार्यका लागि आवेदन आह्वान गरेको छ।

चलचित्र विकास बोर्डद्वारा प्रकाशित सूचनामा सेलुलोइड प्रविधिमा निर्माण भई हालसम्म डिजिटल स्वरुपमा रुपान्तरण नगरिएका स्वदेशी चलचित्रलाई डिजिटल माध्यममा सुरक्षित राखी संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न लागिएको उल्लेख गरिएको छ।

यस कार्यमा सहभागी हुन इच्छुक चलचित्र निर्माता वा अधिकार प्राप्त व्यक्तिले सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोर्डले तोकेको ढाँचामा आवेदन पेश गर्नुपर्ने बोर्डका अध्यक्ष दिनेश डिसीले बताए। डिजिटाइजेशन प्रक्रियामा सहभागिताका शर्त, आवेदन फाराम तथा आवश्यक विवरण चलचित्र विकास बोर्डको आधिकारिक वेबसाइट www.film.gov.np तथा बोर्डको सूचना पाटीमा उपलब्ध रहेको जनाइएको छ।

स्वदेशी चलचित्रहरु हाम्रो सांस्कृतिक र ऐतिहासिक धरोहर भएको उल्लेख गर्दै डिजिटलाइजेशन अत्यावश्यक भएको चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले बताए। पुराना स्वदेशी चलचित्रहरु केवल मनोरञ्जन मात्र होइनन्, ती हाम्रो समाज, समय र इतिहासका दस्तावेज हुन्। जसलाई डिजिटाइजेशन मार्फत संरक्षण गर्नु आजको आवश्यकता हो यस कार्यले नयाँ पुस्तासँग जोड्न पनि महत्वपूर्ण भूमिका खेल्नेछ, अध्यक्ष डिसीले भने।

चलचित्र विकास बोर्डले पुराना स्वदेशी चलचित्रको दीर्घकालीन संरक्षण, अध्ययन, अनुसन्धान तथा अन्तर्राष्ट्रिय स्तरमा समेत नेपाली चलचित्रको पहुँच विस्तार गर्ने लक्ष्य सहित यो कार्यक्रम अगाडि बढाएको हो।

# चलचित्र "एक्लो" देशभर प्रदर्शन हुँदै

**म्यूजिक खबर/काठमाडौं**

प्रदीप खड्का अभिनित नेपाली चलचित्र 'एक्लो-१' देशभर एकसाथ प्रदर्शनमा आउने भएको छ। चैत १७ गतेबाट प्रदर्शनमा आउने यो चलचित्रले एक्सन, ड्रामा र भावनात्मक तत्वको सन्तुलित संयोजनमार्फत दर्शकलाई अविस्मरणीय अनुभव दिने निर्माण पक्षले दाबी गरेको छ।

नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा फरक ढङ्गले प्रस्तुत गर्ने उद्देश्यसहित निर्माण गरिएको 'एक्लो-१' ले कथा, प्रस्तुति तथा प्राविधिक पक्षमा नयाँपन ल्याउनेमा निर्माण पक्ष विश्वस्त छ। फरक धारको कथावस्तु र सशक्त निर्माणका कारण चलचित्रले मध्यपूर्वसहित अन्तर्राष्ट्रिय बजारका नेपाली दर्शकबाट समेत सकारात्मक प्रतिक्रिया पाउनेमा निर्माण पक्ष ढुक्क छ।

चलचित्रमा प्रदीप शाहीको लेखन तथा निर्देशन रहेको छ भने डिसेम्बर २८ तारिखका दिनमा अमेरिकाको न्युयोर्कस्थित विश्वप्रसिद्ध 'म्युजियम अफ द मुभिङ इमेज' मा ऐतिहासिक प्रिमियर गरिसकेको छ।

चलचित्रमा प्रदीप खड्का, दिनेश डिसी, विजय लामा, सुनिल थापा, दिया पुन, वेनिशा हमाल, कविता नेपाली, सुरजसिंह ठकुरी, एवन राज उप्रेती, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोद सुवेदी 'क्षितिज', श्रीशेष श्रेष्ठ, बाल कलाकार जेमिन श्रेष्ठ र स्योन सविक सिंहलगायतका कलाकारहरुको अभिनय रहेको छ। साथै, चलचित्रमा बेलायती




अभिनेता जेमी बेकनको समेत महत्वपूर्ण भूमिका छ। एनआरएन समूहको लगानीमा निर्माण भएको यस चलचित्रका कार्यकारी निर्माता विनोद सुवेदी 'क्षितिज' हुन्।






म्यूजिक खबर
'स्तरीय एवम् मौलिक सङ्गीतको धार - नेपाली गीतसङ्गीतको आधार'

# चलचित्र बिगुलको गीत "आउ यस्तो देश बनाऔं"




**म्यूजिक खबर/काठमाडौँ**

'बिगुल' चलचित्रमा समाबेश 'आउ यस्तो देश बनाऔं' सार्वजनीक गरिएको छ । नेपाली काग्रेस महामन्त्री बिश्वप्रकाश शर्माको शब्द र संगीत रहेको गीत राजेश पायल राईले गाएका हुन् । गीतमा चलचित्रका सबै प्रमुख कलाकार प्रस्तुत भएका छन् ।

रमेश कोइरालाको निर्देशन अनि दिनेश कोइरालाको कथा र निर्माण रहेको ' बिगुल' माघ ९ गतेबाट देशब्यापी प्रदर्शनमा आउदैछ । ओएसआर डिजिटलबाट सार्वजनीक गीतमा देशप्रेम, राष्ट्रभक्ति, समाबेशीता, शान्ति र जनजागरणको सन्देश प्रस्तुत गरिएको छ । राष्ट्रिय झण्डासहित देशमा सुसाशन, विकास र शान्तिको सन्देश फैलाउन कलाकारहरू घरदैलो जागरणात्मक अभियानमा लागेको देखाइएको छ। देश आम निर्वाचनमा होमिन लागेको बेलामा सार्वजनीक गरिएकाले गीतले चुनावी माहौलको झल्को दिएको छ । कल्पना पौडेलको प्रस्तुति रहेको चलचित्रको फर्स्टलुक पोस्टर, टिजर र युगल गीतले समेत दर्शक, स्रोताको मन जितिरहेको छ । गीतमा आमजनताको आवाज मुखरित भएको दावी निर्माण पक्षको छ ।

"'बिगुल' भुइँमान्छको कथा र समृद्ध नेपालको कल्पनालाई आव्हान गरिएको चलचित्र हो,' निर्देशक कोइराला भन्छन्, 'देशको समसामयिक घटनाक्रम अनि राजनैतिक बिषयमा आधारित कथावस्तु भए तापनि चलचित्र पूर्ण ब्यावसायिक ध्ययेले निर्माण गरेका हौं । चलचित्रमा समाज जागरणको सन्देशका साथमा भरपुर मनोरञ्जन प्रस्तुत गरेका हौं ।'

जेन्जी आन्दोलनप्रति समर्पित चलचित्रमा बेनीशा हमाल,नरेन खड्का, रमेश बुढाथोकी, नीर शाह, सरोज खनाल, हेमन्त बुढाथोकी, शिशिर वाङ्देल, बिनोद न्यौपाने, जेएन घिमीरे, गीता अधिकारी, मीरा पण्डित, मानश्री शर्मालगायतको अभिनय छ । म्याग्नोलिया ग्रुपको ब्यानर महेश कोइराला र सूर्यकान्त कोइराला सहनिर्माता रहेको चलचित्रको पटकथा र सम्वाद प्रदिप भारद्वाज र मौनता श्रेष्ठले लेखेका हुन् । शिव ढकालको छायाङ्कन, कमल राई र कविराज गहतराजको नृत्य निर्देशन, एनवी महर्जनको द्वन्द्व निर्देशन, विश्वप्रकाश शर्मा, अर्जुन पोखरेल र मनोज चौलागाईंको संगीत रहेको चलचित्रको सम्पादन तारा थापा 'किम्भे' ले गरेका हुन् । चलचित्र राजधानीभित्र काफिया फिल्म्स् र मोफसलमा श्री ब्याङ्केट्स इन्टरटेन्मेन्टले बितरण गर्दैछ ।

# निर्देशक पोखरेलको नेतृत्वमा विश्व हिन्दु युवा कलाकार संघ गठन




**म्यूजिक खबर/काठमाडौँ**

विश्व हिन्दु युवा कलाकार संघ-नेपाल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समितिको कार्य समिति गठन तथा चियापान कार्यक्रम सम्पन्न भएको छ । कलाकार तथा निर्देशक शिवन पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कलाकार एवं चलचित्र कलाकार संघका निवर्तमान अध्यक्ष रविन्द्र खड्का प्रमुख अतिथि रहनुभएको थियो । साथै विश्व हिन्दु युवा संघ-राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समितिका अध्यक्ष ऋषीकेशजंग शाहको विशेष आतिथ्यता थियो ।

उक्त अवसरमा शिवन पोखरेलको अध्यक्षतामा विश्व हिन्दु युवा कलाकार संघ-नेपाल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समितिको नयाँ कार्य समिति गठन गरिएको छ । नवगठित समितिको उपाध्यक्षमा गोपाल ढकाल (छन्दे), महिला उपाध्यक्षमा पुजन काफ्ले, महासचिवमा पवन केसी, सचिवमा पवित्रा आचार्य चयन भएका छन् । सह-कोषाध्यक्षमा पुष्कर धनुके, प्रवक्तामा देबेन्द्र शाही तथा प्रेस संयोजकमा पत्रकार प्रकाश बराइली 'अभिव्यक्ति' चयन भएका छन् । कोषाध्यक्ष पद आगामी बैठकबाट मनोनयन गर्ने जनाइएको छ ।

त्यसैगरी सदस्यहरुमा शितल केसी, सरिता राजोपाध्याय, केशव अधिकारी, श्रीथपलिया, दर्पण जिसी, दिनेश डाँगी, राजकुमार शाह, बबी रोजा ढकाल (बबिता), सुरज अधिकारी (सुर रक्स), राजु थापा, रामकृष्ण श्रेष्ठ र रबिना कार्की रहेका छन् ।

नवनिर्वाचित कार्यसमितिले छिट्टै बैठकबसी बाँकी पद तथा विभागहरुलाई पूर्णता दिने र सल्लाहकार समिति पनि पहिलो बैठकबाट चयन गर्ने अध्यक्ष शिवन पोखरेलले जानकारी दिए । उनले हिन्दु धर्ममा आस्था राख्ने तथा यसको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा सक्रिय कलाकारहरुलाई समेटेर समिति गठन गरिएको बताए ।

अध्यक्ष पोखरेलका अनुसार पूर्वीय दर्शन, शिक्षा, योग, ध्यान, कला र संस्कृतिलाई प्राथमिकता दिँदै आगामी दिनमा अन्य अन्तर्राष्ट्रिय समिति पनि गठन गरिनेछ । साथै निकट भविष्यमा पत्रकार सम्मेलन आयोजना गरी बृहत् सांस्कृतिक कार्यक्रमको घोषणा गरिने उनले बताए ।

## विज्ञापन व्यवसाय संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरू

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन वोर्डमा सुचीकरण गरौं,
- विज्ञापन वोर्डमा सुचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं,
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं,
- सञ्चारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बीलबाट मात्र विज्ञापनको भुक्तानी गरौं,
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# केदार सङ्केतको "अन्तिम साँझ" लोकार्पण




**म्यूजिक खबर/ललितपुर**

बेलायतमा बसोबास गर्दै युद्ध साहित्यमार्फत आफ्नो पहिचान बनाउनुभएका स्रष्टा केदार सङ्केतको नवीनतम कथासङ्ग्रह 'अन्तिम साँझ' लोकार्पण गरिएको छ। मिलाप पब्लिकेशनको आयोजनामा तथा अनेसास दर्पणको संयोजनमा आइतबार ललितपुरको कुमारीपाटीस्थित ऐला लाउन्जमा आयोजित विशेष कार्यक्रममा महाकाव्यकार खेमनाथ दाहालको सभापतित्वमा उक्त कृतिको लोकार्पण गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल स्रष्टा समाजका अध्यक्ष वरिष्ठ साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन'ले हल्लाखल्लाका आधारमा चर्चित बनेका कतिपय साहित्यकारहरुको अस्तित्व दीर्घकालीन नहुने उल्लेख गर्दै काव्यिक स्वधर्म र सिर्जनशील चिन्तनमा निरन्तर लागिरहने स्रष्टाहरुको सुदूर गन्तव्य सुनिश्चित हुने बताए । पुरस्कार, प्रतियोगिता र प्रचारका भरमा स्थापित हुने चाहना राख्ने सर्जकहरुको भीडमा केदार सङ्केत फरक देखिएको उनको भनाइ थियो । प्रयोगवादी शैली, विषयवस्तुको विविधता र कथानकको गम्भीरताले गर्दा राम्रो कृतिले समयसँगै आफैं मूल्याङ्कन पाउँदै चर्चा प्राप्त गर्ने उनले बताए।

कृतिमाथि समीक्षा गर्दै साहित्यकार प्रगति राईले केदार सङ्केतका कथाहरु फरक धारमा आएको उल्लेख गर्दै यथार्थवाद र प्रयोगवादलाई प्रश्रय दिएको बताए । उनले कृतिका रुपमा आइपुग्दा कथाहरु यथेष्ट परिमार्जित र परिष्कृत बनेको उल्लेख गर्दै आगामी लेखनकर्म अझ सशक्त रुपमा अघि बढोस् भनी शुभकामना व्यक्त गरे।

कार्यक्रममा लोकप्रिय सङ्गीतकार सन्तोष श्रेष्ठले सन्तान जन्मिनु र कृति जन्मिनु उस्तै भएको बताउँदै आकर्षक कलेवर र साजसज्जामा आएको पुस्तकमा मूर्धन्य साहित्यकारहरुको भूमिका रहनुले कृतिको स्तरीयता पुष्टि हुने बताए। उनले केदार सङ्केतका कलात्मक प्रस्तुति र कथाहरु नेपाली साहित्यको समृद्धिमा महत्वपूर्ण योगदान हुने विश्वास व्यक्त गरे।

सभापति खेमनाथ दाहालले प्रस्तुत कथाहरु नयाँ शैलीमा लेखिएको र आफू ती कथाबाट अत्यन्त प्रभावित भएको उल्लेख गर्दै गहन समीक्षात्मक मन्तव्य राखेका थिए। कृतिकार केदार सङ्केत भौतिक रुपमा उपस्थित हुन नसके पनि भिडियो कलमार्फत आफ्नो लेखकीय मन्तव्य व्यक्त गरेका थिए । लेखकले सिर्जनाका माध्यमबाट आफ्ना कुरा अभिव्यक्त गर्ने भएकाले धेरै बोलिरहनु नपर्ने उनको भनाइ थियो। पाठकको प्रतिक्रिया नै लेखकका लागि ठूलो पुरस्कार भएको उल्लेख गर्दै प्राप्त प्रतिक्रियाका आधारमा आगामी लेखनकर्म परिमार्जन गर्दै अघि बढ्ने उनले बताए।

कार्यक्रममा अनेसास दर्पणका कार्यकारी सम्पादक रमेश दाहालले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमको सहजीकरण मिलाप मासिक कार्यकारी सम्पादक गीता अधिकारीले गरेकी थिइन्। सो अवसरमा रचना साहित्यिक द्वैमासिक पत्रिकाका सम्पादक प्रतीक घिमिरे, साहित्यकार तथा सुनुवार सेवा समाजका उत्तम कातिजलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा गणेश थापा, विष्णुबहादुर बस्नेत, उमेश शर्मा, उत्तमकुमार सुनुवार, सानु श्रेष्ठ, सोजुहाङ किराँत, गंगाप्रसाद भेटवाल, जयराम बिडारी, अक्कल कुवँरलगायत लेखक तथा साहित्यकारहरुको उल्लेख्य उपस्थिति थियो। कार्यक्रम मिलाप मासिकका सम्पादक कृष्ण भुसालको मन्तव्यसहित सम्पन्न भएको थियो।

# गायिका सिटौलाको श्रद्धाञ्जली सभामा "मेरो देश प्रेमको देश" को चर्चा




**म्यूजिक खबर/काठमाडौँ**

अनेसास केन्द्रका पूर्व अध्यक्ष मोहन सिटौला तथा अनेसास डिसी च्याप्टरका उपाध्यक्ष कविन्द्र सिटौलाकी ममतामयी माता गायिका मनमाया सिटौलाको श्रद्धाञ्जली सभा एवम् कवि कविन्द्र सिटौलाको 'मेरो देश प्रेमको देश' अभियानको बारेमा जानकारी दिने उद्देश्यले आज एक कार्यक्रमको आयोजना गरियो।

अनामनगरस्थित डालो रेष्टुरेन्टमा आयोजना गरिएको सो शोकसभा कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति गङ्गाप्रसाद उप्रेती, वरिष्ठ कथाकार पुष्कर लोहनी, वरिष्ठ कलाकार मदनदास श्रेष्ठ, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका पूर्व अध्यक्ष एवं साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, प्रा.डा. खगेन्द्रप्रसाद लुइँटेल, विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानका अध्यक्ष गोपीकृष्ण प्रसाई तथा खगेन्द्र सिटौलाले मनमाया सिटौलाप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै उनको व्यक्तित्वका बारे बोलेका थिए।

दिवङ्गत मनमाया सिटौला स्रष्टा हुनुका साथै लोकगायिका समेत हुन् । 'मैले बिताएको युग' मनमाया सिटौलाको आत्मवृतान्त कृति प्रकाशित रहेको छ। मनमाया सिटौलाको गत २०८२ मङ्सिर २९ गते ९६ वर्षको उमेरमा काठमाडौं रातोपुलस्थित आफ्नै निवासमा निधन भएको थियो।

शोक सभा कार्यक्रममा मनमाया सिटौलाप्रति श्रद्धाञ्जली प्रकट गरिएका कविताहरु पनि वाचन गरिएको थियो। कार्यक्रममा मनमाया सिटौलाका छोरा कविन्द्र सिटौला, छोरी राधिका सिटौला दाहाल, कवि एवं आख्यानकारहरू हिरण्यकुमारी पाठक र सीता पाण्डे, अनेसास केन्द्रीय सदस्य सुमन वर्षा, अनेसास नेपाल च्याटरकी सदस्य द्वारिका कुइँकेलले कविता वाचन गरेका थिए । अनेनास नेपाल च्याप्टरकी कोषाध्यक्ष कमला रिसालले कार्यक्रमको उदेश्यमा प्रकाश पार्दै आफ्नै शब्द, स्वर र सङ्गीत रहेको 'आमा' शीर्षकको गीत गाएकी थिइन्। कार्यक्रम शुरू हुनु अगावै कविन्द्र सिटौलाले 'मेरो देश प्रेमको देश' अभियानका बारेमा संक्षेपमा प्रकाश पार्दै नेपाली कागजको एक पन्नामा लेखिएको युग परिचायक कवितासङ्ग्रह (ःभनब एयभतचथ ऋयर्भिअतष्यल) का केही हरफहरु भरेर उपलब्ध गराउन सबै कवि लेखकहरुमा आग्रह गरेका थिए। प्रेम के हो, प्रेम कहाँ हुन्छ, कसरी हुन्छ भन्ने कुरा चार चार हरफ खाली ठाउँमा आ-आफ्नो विचार भरेर बुझाउनसमेत अनुरोध गरेका थिए। उक्त फर्म नेपाल बाहेक अन्य देशमा पनि भराइने र सङ्कलित ती सबै फर्महरु अमेरिकाको कुनै एक पुस्तकालय, त्रिभुवन विश्वविद्यालय पुस्तकालय तथा तेह्रथुमको आठराइमा समेत राखिने कुरा बताए। वि. सं. २०४६ को जनआन्दोलन पश्चात् अमेरिका छिरेका कविन्द्र सिटौलाले आमा मनमायाले गाउनु भएको संगीनी गीत र लोकभाका गीतको रेकर्ड सुनाए।

अनेसास नेपाल च्याप्टरद्वारा आयोजित सोही कार्यक्रममा युवा गायक एवं संगीतकार नरहरि प्रेमीले पनि 'आमा' बोलको गीत गाएका थिए । अनेसास नेपाल च्याप्टरका उपाध्यक्ष निर्मलरमण पराजुलीले सभापतितब गर्नु भएको सो कार्यक्रमको सहजीकरण अनेसास नेपाल च्याप्टरकी उपाध्यक्ष मन्जिला अनिलले गरेका थिए।

कार्यक्रममा प्राज्ञ बाबा बस्नेत, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अनेसास नेपाल च्याप्टरकी निवर्तमान अध्यक्ष एवं पुरस्कार समिति सदस्य सन्ध्या पहाडी, अनेसास दर्पणका सम्पादक रमेश दाहाल, अनेसास कोलोराडो च्याप्टरकी पूर्व अध्यक्ष आचार्य प्रभा, वरिष्ठ नियात्राकार युवराज नयाँघरे, प्रा. डा. गोविन्दमानसिंह कार्की, साहित्यकारहरू विजयध्वज थापा, पूर्ण ओली, केशव आचार्य, श्रीबाबु कार्की, सन्तोष श्रेष्ठ, रश्मि रिमाल, अनेसास सदस्यहरू डा. शान्तीमाया गिरी, शान्ति रिसाल, डीआर राई,लक्ष्मण सिटौला, सुभाषचन्द्र पौडेल 'भीमफेदीया', मनमायाका छोरा नगेन्द्रराज सिटौला, छोरीहरु राधिका दाहाल र विजया पन्त लगायतको उपस्थिति रहेको थियो।





# रश्मिलाज फेसियल हाउसको १८ औं वार्षिकोत्सव

## दिनेश डिसी, दीपाश्री र बेनिशाले गरे हात्तिगौडामा छैटौं शाखा उद्घाटन




■ म्यूजिकखबर

रश्मिलाज फेसियल हाउसको १८ औं वार्षिक उत्सवको अवसरमा हात्तिगौंडामा छैटौं शाखाको उद्घाटन गरेको छ । पुष १० गते बिहीबार काठमाडौंको हात्तिगौंडामा 'रश्मिलाज फेसियल हाउस'को छैटौं शाखा शुभारम्भ गरिएको हो । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीको प्रमुख आतिथ्यता एवं अभिनेत्री एवम् निर्देशक दिपाश्री निरौला र अभिनेत्री बेनिशा हमालको विशिष्ट आतिथ्यतामा हात्तिगौंडा शाखाको उद्घाटन गरिएको हो ।

दुई दशक भन्दा लामो समय अमेरिका बसेकी समी रेग्मी अधिकारीको सहकार्यमा रश्मिलाज फेसियल हाउसकी अध्यक्ष रश्मिला श्रेष्ठ र प्रबन्ध निर्देशक प्रकाश कुमार श्रेष्ठले यो शाखा सञ्चालनमा ल्याएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि एवम् बोर्ड अध्यक्ष दिनेश डिसीले अन्तर्राष्ट्रिय गुणस्तरको सेवा दिने रश्मिलाज फेसियल हाउसको सेवाबाट आफू लामो समयदेखि आकर्षित






भएको बताए । नयाँ शाखाको सफलताको कामना गर्दै उनले सौन्दर्य क्षेत्रमा रश्मिलाज फेसियल हाउस एउटा ब्रान्ड बनेको बताए ।

चलचित्र अभिनेत्री बेनिशा हमालले पनि काठमाडौं मलमा आफूले सेवा लिएको रश्मिलाज फेसियल हाउसको आज छैटौं शाखा उद्टान गर्न पाउँदा खुसी लागेको बताइन् ।

अर्की अभिनेत्री एवम् निर्देशक दीपाश्री निरौलले पनि रश्मिला, प्रकाश र समीलाई छैटौं शाखाको रूपमा नयाँ आउटलेटको सफलताको शुभकामना दिँदै अन्तर्राष्ट्रिय स्तरको सेवा भएकै कारण आफू रश्मिलाज फेसियल हाउसबाट लामो समयदेखि आफूले सौन्दर्य सम्बन्धी सेवा लिँदै आएको बताइन् ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै रश्मिलाज फेसियल हाउसकी अध्यक्ष एवम् अग्रज ब्युटिसियन रश्मिला श्रेष्ठले १८ वर्ष अघि क्रिसमसकै दिन काठमाडौंको सुन्धारा स्थित काठमाडौं मलबाट 'रश्मिलाज फेसियल हाउस' सुरू गरिएको बताइन् । काठमाडौं मलको दुई वटा ब्रान्चसँगै सिभिल मल, गाँगबुको बिजी मल, बालाजु बसपार्कको बुद्ध मलको सफलतपछि रश्मिलाज फेसियल हाउसलाई बिहीबारबाट हात्तिगौंडामा छैटौं आउटलेटको रूपमा सञ्चालनमा ल्याएको रश्मिलाले बताइन् । अब चाँडै यसको अरू शाखा काठमाडौं बाहिर र विदेशमा पनि सञ्चालनमा ल्याउने तयारी भइरहेको पनि उनले बताइन् ।

नेपालमै केही गर्न सकिन्छ भनेर अमेरिकाबाट नेपाल आएर रश्मिलाज फेसियल हाउस, हात्तिगौडा आउटलेडको आफूले शाखा बिस्तार गरेको कार्यक्रममा समी रेग्मी अधिकारीले बताइन् । कार्यक्रम गायिका तथा प्रस्तोता मन्जु पौडेलले सञ्चालन गरेकी थिइन् ।

१८ औं वार्षिक उत्सवको अवसरमा कार्यक्रममा रश्मिलाज फेसियल हाउसका अघिल्ला सबै शाखाका कर्मचारी, ब्युटिसियन, हेयर स्टाईलिस्ट तथा मेकअप आर्टिस्टहरूलाई नगदसहित सम्मान गरिएको थियो । त्यस्तै कार्यक्रममा उपस्थित अतिथि एवं सञ्चारकर्मीहरूलाई मायाको चिनो एवं गिफ्ट ह्याम्परसमेत प्रदान गरिएको थियो ।






म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादकः सविता पोखरेल (९८४१७१०७५१), प्रधान सम्पादकः सुमन बैरागी (९८५१००७४३०)
कार्यालयः कपुरधारा, काठमाडौं । फोनः ०१-४०१०५४५ इमेलः musickhabar.com@gmail .com, musickhabarnews@gmail.com, मुद्रणः लक्ष्मी गणेश प्रेस प्रा.लि. बागबजार काठमाडौं